# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति प्रतिवेदन

## गल्कोट नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

विषय सूची

| कस | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको परिचय** | २ |
| १.१ | भूमिका तथा कानुनी व्यवस्था | ३ |
| १.२ | नगरपालिकाको परिचय | ४ |
| १.३ | उद्वेश्यहरू | ४ |
| १.४ | औचित्यता | ६ |
| १.५ | लैससास सम्वन्धी SWOT बिश्लेषण: | ६-११ |
| २ | **गल्कोट नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अवस्थाको विश्लेषण** | १२ |
| २.१ | विगतका ब्यबस्था, प्रयास र वर्तमान स्थिती | १२ |
| २.२ | लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसर | १२ |
| २.३ | समस्याहरु | १२ |
| २.४ | चुनौतीहरु | १३ |
| २.५ | अवसरहरु | १३ |
| ३ | **गल्कोट नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिहरू** | १३ |
| ३.१ | भुमिका | १३ |
| ३.२ | नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तर्जुमाको आवश्यकता | १४ |
| ३.३ | दीर्घकालीन सोंच | १४ |
| ३.४ | लक्ष्य | १४ |
| ३.५ | उद्वेश्यहरू | १४ |
| ३.६ | लैससास सम्बन्धी नीतिः | १५ |
| ३.७ | नीति अनुसारका रणनीति तथा कार्यनीति | १५-२० |
| ३.८ | रणनीतिको कार्यान्यवनमा देखिदै आएको संभावित समस्या तथा ति समस्या न्युनिकरणका उपाय | २०-२१ |
| ३.९ | लैससास रणनीतिको अपेक्षित उपलब्धी | २१ |
| ३.१० | लैससास कार्यान्वयनको लागि कार्ययोजना | २१ |
| ३.११ | लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति कार्यान्वयन समिति | २२ |
| ३.१२ | अनुगमन तथा प्रतिवेदन | २२-२३ |


# खण्ड - १: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको परिचय

## १.१ भूमिका तथा कानुनी व्यवस्था

नेपालमा विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ। यसै सन्दर्भमा नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।

संविधानको धारा १६ ले सबै व्यक्तिरूको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। यसका साथै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनी व्यवस्था गरेको छ। त्यस्तै, धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्ने दायित्वको ब्यबस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिका ले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगतरूपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रूपमा ब्यबस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ।

नेपालमा सरकारी स्तरबाट महिला तथा बञ्चितिमा परेका वर्गहरुलाई विकासको मुलप्रवाहमा ल्याई समावेशी विकास गर्ने उद्धेश्यले लैससास सम्बन्धी नीतिलाई स्थानिय तहमा कार्यान्वयन गर्न संघिय, प्रादेशिक तथा स्थानिय सरकारहरुले अधिकतम प्रयासहरु गरिरहेका छन् । यसै परिप्रेक्षमा राज्यको सबै संरचनाहारुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण निति कार्यन्वयन गर्नका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता निति २०७७ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाँउपालिका/नगरपालिका सामाजिक समावेशीकरण नीति, २०७८ (नमूना) तर्जुमा गरेको छ।

संयुक्त राष्ट्रसंघको साधरण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले

विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वातन्त्रता, समानताका साथै भोक, गरिबिको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यि लक्ष्यहरुले गरिबिको रेखामुनि रहेका बालबालिका, किशोर किशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पिछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्धेश्य राखेको छ । चरम गरिबिको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समुहको दुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडी नछुटुन भन्ने मुख्य सिद्दान्तलाई दिगो बिकास लक्ष्यहरुले अंगिकार गरेको छ । पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/०७७- २०८०/०८१ को आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) जेष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशिकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले नगरपालिकाले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ

यस सन्दर्भमा गल्कोट  नगरपालिकाले लैङ्गिकमैत्री समावेशी नगरपालिका बनाउने परिकल्पना अनुरूप समुदायमा पछाडी पारिएका वा परेका महिला, दलित, आदिवासी जनजाती, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरूलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भुमिका सहित लैङ्गिक समानता र सामाजीक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र नगरपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरूलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले “गल्कोट नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८” तर्जुमा गरिएको छ ।

### १.२. नगरपालिकाको परिचय

नेपाल अधिराज्यको करिव मध्ये भागमा अवस्थित, गण्डकी प्रदेशमा पर्ने वाग्लुङ्ग जिल्लाका ४ नगरपालिकाहरु मध्ये एउटा नगरपालिका गल्कोट नगरपालिका पनि हो ।गल्कोट नगरी एक सुन्दर र प्राकृतिक छटाले भरिपूर्ण साथै दरमखोला र गौदी खोलाको किनारमा घुम्टे पहाडको काखमा रहेको प्रचुर सम्भावनायुक्त नगरपालिका हो । कालिलेक, निलुवा, एतिहासिक गल्कोट दरवार र गोलकोत, निउरेको धुरी जस्ता प्राकृतिक छटाहरुले यसलाई झनै आकर्षक र विविधतायुक्त बनाउनुका साथै थप सम्भावनाहरू प्रदान गरेको छ ।

यो नगरपालिका १९४.३९  वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । साविकका दुधिलाभाटी, नरेठाँटी, हटिया, हरिचौर, मल्म, काँडेवास, पाण्डवखानी र रिघा गरि ८ वटा गाँउ विकास समितिहरु

मिलि ११ वडाहरु रहेको गल्कोट नगरपालिका बनेको छ । यस नगरमा खस (ब्राह्मण, क्षेत्री, ठकुरी), जनजाति (मगर,नेवार) अल्पसंख्यकहरु, दलितहरु र मुस्लिम जस्ता विभिन्न जात, जाति एवं भिन्दा भिन्दै भाषा, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहदै आएको छ ।

## १.३ उद्वेश्यहरू

१. नगरपालिकालाई संस्थागत एवम् कार्यक्रमगत रूपमा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

२. संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई नगरपालिकाको कार्यक्रम तथा आयोजनहरूबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने ।

३. महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने

४. सरोकारवालाहरूलाई वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने ।

५. स्थानीय जनता विशेषगरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकासगरी यी वर्गहरूको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।

## १.४ औचित्यता

समाजमा रहेको विभेदका कारण पहुँच, स्रोत, सेवा, सूचना तथा निर्णायक भूमिकामा असर पर्ने गरेको छ जसको फलस्वरूप सामाजिक संरचना नमिल्दो हुनुका साथै त्यहाँ उपलब्ध सेवा सुविधाको समान उपभोग पनि नहुने गरेको अवस्था छ । यसको कारण बर्गिय, जातीय, क्षेत्रीय, भाषिक र धार्मिक रहेका छन । यी विभेदहरूको बिरूद्धमा नेपाल सरकारले कानुनी ब्यवस्था गरी लागु गरेको छ । कानुन अनुसार यी विभेदहरू दण्डनीय छन् तथापि, समुदाय स्तरमा विभेदहरू ब्याप्त रहेको अझै देख्न सकिन्छ । यसै असमानताका अनेक अवस्थाहरूलाई स्थानीय तहबाट उचित सम्बोधन गर्न यो रणनीतिको तयार गरिएको हो ।

१. राज्यको तल्लो तहमा रहेका नागरिक माझ लैङ्गिक समानता र सामाजिक समावेशीकरणका निम्ति राज्यले स्थानीय तहहरूमा बनाएका विभिन्न संरचनाभित्र रहेका प्रावधानहरू सरल र प्रष्ट रूपमा प्रस्तुत गर्नु हो ।

२ लैङ्गिक समानता सम्बन्धी ऐन कानुन र जातिय भेदभाव तथा छुवाछुत बिरूद्ध कदम चाल्न विभिन्न संस्थागत संरचनाहरू र तिनमा भएका समावेशीकरण सम्बन्धी प्रावधानहरूलाई

स्थानीय तहमा कार्यान्वयनमा ल्याउन सहजिकरण गर्ने उद्वेश्यले यो रणनीति तयार पारिएको हो ।

३ लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बनेका विभिन्न प्रावधानहरूका विषयमा नागरिकहरूलाई सु-सुचित गरी सेवा सुविधा प्रयोग गर्न प्रोत्साहन गर्नु हो ।

## १.५.लैससास सम्वन्धी SWOT बिश्लेषण:

### १ नीति तथा योजना:

| मुख्य विषय | सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति र कानुनमा समावेशीता सहभागिता | लैससास नीति बनेको<br>सामाजिक परिक्षण कार्यविधि बनेको<br><br>गुनासो सुनुवाई सम्बन्धी कार्यविधि बनेको<br><br>टोल विकास संख्या कार्यविधि बनेको<br><br>लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि बनेको<br><br>विषयगत समिति तथा संचालन कार्यविधि<br><br>अपांङ्गता परिचयपत्र वितरण कार्यविधि<br><br>समुह समिति गठन तथा परिचालन कार्यविधि | • लैससास नीतिमा निश्चित बजेट % को आधारमा विनियोजन नभएको<br><br>• विषयगत समितिको योजना तर्जुमा जेसीको रुपमा हेर्न नसकेको<br><br>• स्थानीय तहको नीतिमा रैथाने र आप्रावासी कामदार विच विभेद हटाउने सम्बन्धी नीतिगत निर्णय नगरेको<br><br>• जेसीको लागि वार्षिक बजेट विनियोजन नगरेको<br><br>• वस्ती टोलमा योजना छनौट गर्दा प्राथामिकीरणको प्रतिवेदन आउने नगरेको | • नीतिगत व्यवस्था भएको<br><br>• कार्य संरचना भएको<br><br>• जनशक्ति व्यवस्थापान भएको<br><br>• भएको नीति कार्यविधिलाई पुनरावलोकन गर्न सकिने्<br><br>• साझेदार संस्था दातृ निकायले सहयोग गरेको<br><br>• समावेशीता विकास भएको | • उपभोक्ता समितिमा सहभागिता सुनिश्चितता भएपनि अर्थपूर्ण सहभागिता नभएको<br>• नीति तथा कार्यान्वयनमा समस्या<br>• नियमित रुपमा नीति कार्य सम्बन्धी अनुशिक्षण गर्न नसकेको<br>• समावेशी विकासको लागि पर्याप्त बजेट नभएको<br>• समावेशी आँखाले पर्याप्त लक्षित वर्गको खण्डीकृत तथ्यांक लिन नसकेको<br>• बजेट खर्च पूर्वाधार विकासमा बढी भएको कानुनी साक्षरता लक्षित वर्ग सम्म पुग्न नसकेको |

## २ संस्थागत व्यवस्था

| सवल पक्षहरु | दुर्वल पक्षहरु | चुनौतिहरु/समस्याहरु |
|---|---|---|
| लैङ्गिक समानता तथा समावेशीकरण नीतिको निर्माण भएको | नीति निर्माण भएपनि कार्यान्वयन लाई कडाइका साथ लागु गर्न नसकेको | नीति अनुसार दक्ष जनशक्तिको अभाव नीति अनुरुप कार्यान्वयन हुन नसक्नु |
| बजेट नीति निर्माण भएको नीति कार्यविधि अनुसार कार्यसम्पादन गर्ने गरेको | नीति निर्माण भए पनी कार्यान्वयन लाई कडाइका साथ लागु गर्न नसकेको<br>कार्यविधि अनुसार छनौट प्रक्रियामा प्रतिस्पर्धा गर्न नसक्नु | १. नीति अनुसार दक्ष जनशक्तिको अभाव<br>२. नीति अनुसार कार्यान्वयन हुन नसक्नुप्रतिस्पर्धाको लागि दक्ष जनशक्ति निर्माण गर्न नसक्नु |
| लैङ्गिक समानता तथा समावेशीी निर्माण भएको | - | - |
| जी.इ.एस नीतिको निर्माण भएको | - | कार्यन्बयन नभएको |
| विभाजित चेतना मुलक कार्यक्रमको लागि वार्षिक बजेटको व्यवस्था गरेको | नीति अनुसार कार्यान्वयन हुन नसकेको | - |
| विभिन्न चेतनामूलक कार्यक्रमको लागि वार्षिक बजेटको व्यवस्था गरेको | कार्यविधि अनुसार आचार संहिताको निर्माण हुनु पने | कार्यविधि तथा आचार संहिताको व्यवस्था हुन नसक्नु |
| समावेशी नीति लिएको | दक्ष जनशक्तिको अभाव | दक्ष जनशक्तिको अभाव |
| समिति उपसमिति र कार्यदलमा समावेशी नीति निर्माण भएको त्यसलाई कार्यान्वयनको लागि कार्यसमितिको निणयार्थ लागु गर्ने गरेको | कार्यान्वयन योग्य बनाउने प्रयासगर्नूपर्ने | - |
| कार्यविधि अनुसार गर्ने गराउने सहभागिता हुने गरेको | अर्थपूर्ण सहभागितामा जोड दिन नसकेको | - |
| समावेशी नीति अनुसार योजनाको अनुगमन गर्ने गरेको | औपचारिक रुमा मात्र | - |
| नीति निर्माण भएको कार्याथ लागु गर्ने गरेको | औपचारिकरुमा मात्र | - |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | औपचारिकरुमा मात्र | - |
| लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको | कोषले निरन्तरता नपाएको | |
| वार्षिक बजेटको व्यवस्था भई कार्यक्रम संचालन गर्ने गरेको | योजनाबद्ध हुने नगरेका | |
| प्रभावकारी सूचनाको प्रणालीको व्यवस्था गर्ने प्रयास गरेका | प्रर्याप्त प्रयास हुन नसकेका | |

| सवल पक्षहरु | दुर्वल पक्षहरु | चुनौतिहरु/समस्याहरु |
|---|---|---|
| अभिलेख फाइल निर्माण भएको | | |
| तथ्यांक संकलन भएको प्रधानमन्त्री सरोजगार कार्यक्रम संचालन भएको | तथ्यांकमा आधारित कार्यक्रम हुन नसकेका | |
| वर्षिक बजेटको व्यवस्था गरेको, प्रोफाइल बनेको | वजेट योजनाविचमा तालमेल नभएको | राजनीति ब्यक्तिहरुले योजनाको प्राथमिकिकरणमा केहि समस्या गरेको |
| पञ्जिकरण शाखा निर्माण भइ प्रतिवेदन तयार गर्ने गरेको | | |

### ३.मानव संसाधन

| सवल पक्ष | कमजोर पक्ष | अवसर | समस्या तथा चुनौति |
|---|---|---|---|
| महिला हिंसा विरुद्ध कार्यक्रम, नारी दिवस, १६ दिने महिला हिंसा विरुद्धको कार्यक्रम, उपभोक्ता अन्य समितिसँग छलफल, सिलाइकटाई, रोजियारी, व्यूटीपार्लर, बाखा पालन, तरकारी खेति सम्बन्धी कार्यक्रम | आगामी दिनमा लैङ्गिक हिंसा तथा समावेशी विकास कार्यक्रममा सहभागी गराउने विषयवस्तु तथा सरल भाषा प्रयोग गर्ने । विषयगत तालिमको व्यवस्था गर्नुपर्ने, महिला तथा वञ्चितिकरणमा परेका लक्षित समुदायका व्यक्तिलाई लोकसेवा आयोग पूर्व तयारी कक्षा संचालन व्यवस्था गर्नु पर्ने । वेइजिङ घोषण पत्र १२ बुँदे प्रतिवद्धताका बारेमा सबैलाई जानकारी गराउनुपर्ने । | समान सहभागिता ज्ञान सिपको विकास निर्णय प्रक्रियामा सहभागी समस्याको समाधान जनचेतना क्षमता अभिवृद्धि आय आर्जनमा वृद्धि | नीति निर्माण बैठक नियमित नहुनु श्रोत साधनको अभाव जनचेतनाको अभाव निर्णय गरेका विषय वस्तुको बारेमा सबैलाई जानकारी नहुनुकासाथै कार्यान्वयनमा नआउनु |
| जनचेतनामूलक महिला सशक्तीकरण सम्बन्धी पाठशाला र गोष्टी कार्यक्रम महलिाको सहभागिता वढ्न वालविवाह वहुविवाह जस्ता कुरिती हटाउन र सूचना प्रवाह गर्न पोष्टर र अन्य कार्यक्रम गर्ने गरेका | लैङ्गिक हिंसा रहित गाउँपालिकामा हिंसा विरुद्ध सहिष्णुता अपनाई घोषणा गनुपर्ने । | | पिछडिएको वर्गलाई समावेश गर्न नसक्नु जनचेतनाको कमि |
| कर्मचारी सरुवा भई जाने आउनेका लागि सहमतिको आधारमा सरुवा र स्वागत गर्ने | जनचेतनामूलक कार्यक्रम भएता पनि आय आर्जन सक्रिय हुन नसक्नु | गासबास कपासको व्यवस्था गरिनु | साधन स्रोतको अभाव हुन |

| सवल पक्ष | कमजोर पक्ष | अवसर | समस्या तथा चुनौति |
|---|---|---|---|
| रिक्त दरवन्दी भएमा विज्ञापन खोलि पदपूर्ति गर्ने कार्यपालिकाको नियमित बैठक बसी कर्मचारीसँग आवश्यकताका आधारमा समन्वय गर्ने आमा समुह, कृषक समुह लगायत अन्य समूहमा अपाङ्गता एकल महिला पिछडिएका वर्गको सहभागिता कार्यक्रम गर्ने | | | |
| विपदमा परेका व्यक्तिलाई राहत वितरण उपचारमा सहयोग बसाई व्यवस्थापन र आत्म मनोवल बढाउन कार्यक्रम गरिएको | विपदमा परेका व्यक्तिलाई समयमै उद्धार वा व्यवस्थापन गर्न नसक्नु | | |

४. सेवा प्रवाह

| मुख्य विषय | सबल पक्ष | दुर्वल पक्ष | अवसर | चुनौति/समस्या |
|---|---|---|---|---|
| पूर्वाधार विकास | बिलडिङ डिजाइन अनुसार भवन बनेका भवनहरु महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री बनिरहेको र बन्ने क्रममा रहेका | नीति नियम कार्यान्वयन नभएको सूचना जानकारी गराउन नसकिएको | नीति नियम बनेका बिलडिङको कोड निर्माण | भवन निर्माण सहिंता कार्यान्वयन गर्नुपर्ने |
| प्रजनन् स्वास्थ्य | महिलाको प्रजनन् स्वास्थ्य पोषण स्तनपान आदि विषयलाई नीति तथा कार्यक्रमले सम्बोधन गरेको | सबै स्थानमा अलग्गै स्थनपान कक्ष व्यवस्थापन र विमाको व्यवस्थापन नभएको | वार्षिक नीति र कार्यक्रम बनाउने अधिकार स्थानीय तहसँग रहेको | स्वास्थ्य विमा लागु गराउन नसक्नु |
| शिक्षा कार्यक्रम | बालवालिका विद्यालय भर्ना कमजोर र वञ्चित सबैले विद्यालयमा शिक्षा पाइरहेका | - | संघिय, स्थानीय नीति वार्षिक बजेट तथा कार्यक्रम | - |
| खानेपानी सरसफाई | महिला र पुरुषको शौचालय छुट्टाछुट्टै शौचालयको व्यवस्था | कुहिने र नकुहिने फोहोर संकलन र विर्सजन जस्ता विषयमा जनचेतनामूलक | कुहिने नकुहिने घरायसी फोहोर छुट्याउने संकलन | कुहिने नकुहिने घरायसी फोहोर छुट्याउने संक |

| मुख्य विषय | सबल पक्ष | दुर्वल पक्ष | अवसर | चुनौति/समस्या |
|---|---|---|---|---|
| | खानेपानी तथा सरसफाईहरु जस्ता कार्यक्रम मा महिलाहरुको सहभागिता भएको । | कार्यक्रम नगरिएको आकाशे पानी संकलन भण्डारण गर्ने नगरिएको | विर्सजन जस्ता चेतनामूलक जस्ता कार्यक्रम बजेट तथा कार्यक्रममा समेट्न सकिने | लन विर्सजन जस्ता कार्यक्रम प्रभावकारी कार्यान्वयन हुन नसक्नु |
| स्वरोजगार तथा आर्जन बजार व्यवस्थापन | वार्षिक बजेटमा महिला बञ्चितिकरणमा परेको वर्गको लागि कार्यक्रम सञ्चालन भइरहेको | सहकारी सपथ मूल्य पसलको नरहेको बाहिर जाने महिला र वञ्चिकरणमा परेका वर्गका लागि क्षमता विकास कार्यक्रम संचा लन नगरिएका | बजेट तथा कार्यक्रममा स्वरोजगा्र र वैदेशिक रोजगारमा जानेका लागि वार्षिक बजेटमा कार्यक्रम समावेश गर्न सकिने | सहकारी सुपथ मूल्य पसलको दिर्घकालीन व्यवस्थापन गर्न नसक्नु |

## ५. शुसासन

| मुख्य विषय | सबल पक्ष | दुर्वल पक्ष | अवसर | चुनौति/ समस्या |
|---|---|---|---|---|
| सुशासन | वार्षिक कार्यक्रम तथा नीति नगरसभाका निर्णय<br>सामाजिक परिक्षण सार्वजनिक सुनुवाई | वेइजिङ घोषण पत्र अनुसारका प्रतिवद्धता पूर्ण रुपमा कार्यान्वयन नभएको | वर्षिक बजेट तथा कार्यक्रममा समेट्न सकिने | प्राप्त बजेट तथा नीतिको अभाब |
| उत्तरदायित्व र जवाफ देहिता | सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षण र सामाजिक परिक्षण हुने गरेको<br>गुनासो सुनुवाई कार्य विधि भएको सामाजिक परिक्षण कार्य विधि भएको | चौमासिक रुपमा सार्वजनिक सुनुवाई सामाजिक परिक्षण नभएको गुनासो सुनुवाई पूर्ण रुपमा कार्यान्वयन नभएको | सेवाग्राही प्रति उत्तरदायीर जवाफदेहिताको लागि हेलो जस्ता प्रविधि मैत्री कार्यक्रम चलाउन सकिने | सहभागिता गराउन प्रयास |
| सूचना तथा सं चार | पालिकाको वेवसाइडमा सूचना समाचार प्रसारण हुने गरेको | सूचना पूर्ण रुपमा अपडेट नहुनु । | बढ्दो प्रविधि विकास सँगै पालिकाको कार्यक्रममा जोड दिनु | भौगोलिक अवस्थाका कारण पर्याप्त इन्टरनेट को पँहुच नभएको |
| अनुगमन तथा मूल्यांकन | योजना अनुगमन तथा मूल्यांकन कार्यविधि निर्माण भै कार्यान्वयनमा | नियमित रुपमा अनुगमन भै कार्य सम्पन्न पछि अनुगमन हुने गरेको | योजना अनुगमन मूल्यांकन कार्यविधिको अनुसार अनुगमन | कार्ययोजना तयार गरि सोहि अनुसार अनुगमन |

| मुख्य विषय | सबल पक्ष | दुर्वल पक्ष | अवसर | चुनौति/ समस्या |
|---|---|---|---|---|
| | आएको<br>सबै योजना तथा कार्यक्रमको अनुगमन समितिद्धारा अनुगमन हुने गरेका | योजनाको भुक्तानी गर्दा अनुगमन प्रतिवद्धता अनिवार्य गरेकोले औपचारिकतामा मात्रै सिमित रहेको | तथा सुपेरीवेक्षण समितिको व्यवस्थापन छ | गर्नपर्ने<br>सुझावको आधारमा कार्ययोजना तयार गर्नु पर्ने |
| समन्वय र सम्बन्ध | वार्षिक नीति तथा कार्यक्रम अनुसार रकम भाग तथा कार्य संचालन भैरहेको | सम्बन्धीत पक्षसँग प्रत्येक प्रतिफल लाभ हुने गरि पर्याप्त नभएका | विभिन्न ज्ञान सिपको अभिवृद्धि | जुनसुकै कार्यक्रम गर्दा बजेट तथा नीतिलेगर्दा चुनौति देखिनु |

# खण्ड-२: गल्कोट नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अवस्थाको विश्लेषण

## २.१ विगतका ब्यबस्था, प्रयास र वर्तमान स्थिती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्नकालागी तत्कालीन स्थानीय विकास मन्त्रालयले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण नीति २०६६ तर्जुमा गरेको थियो । वदलिदो राजनितिक परिस्थिति र संवैधानिक ब्यबस्था अनूरुप संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक समावेशीकरण नीति २०७६ तर्जुमा गरेको छ । गल्कोट नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने रणनीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास, नगरपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धी संवेदनशिल भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीतालाई जोड दिदै योजना तथा कार्यक्रमहरु तर्जुमा, कोभिड-१९ को रोकथाम र ब्यबस्थापनका लागी क्वारेन्टाईन र आईसोलेसन बनाउदा महिलाहरुको सुरक्षालाई ध्यानमा राखी छुट्टै आईसोलेसन तथा क्वारेन्टाईन केन्द्रको ब्यबस्था तर्फ प्रयास गरिएको देखिन्छ ।

## २.२. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरः

समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र गल्कोट नगरपालिका अर्न्तगतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुँच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति आवश्यक छ । यद्यपी यस नगरपीलकाको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समस्या, चुनौति र अवसरहरु मुलतः देहाय अनुसार रहेका छन ।

### २.२.१ समस्याहरु

१. लैससासको लागी आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु ।
२. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता हुन नसक्नु ।
३. नगरपालिकाको बिकास योजना तर्जुमाका चरण तथा प्रक्रियामा लैससास सवाल र यसको महत्व वारेमा जानकारी गराउन नसकि लैससासको सवालले वस्तिस्तरमा प्रथामिकता पाउन नसक्नु ।
४. नगरपालिकाको कार्यक्रम तथा वजेटबाट नियमित रुपमा लैङ्गिक उत्तरदायी वजेट परिक्षण नहुनु
५. लक्षितवर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुँच सुनिश्चितताको बारेमा ज्ञान हुन नसक्नु
६. बंञ्चितिकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिकरुपमा शसक्तिकरण गर्न नसक्नु ।
७. नगरपालिकावाट गठन हुने समिति र संरचनामा लैससासको सक्रिय सहभागिता हुन नसक्नु ।
८. नगरपालिकाको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैससास अवधारणालाई अवलम्बन गर्न नसक्नु ।

९. विभिन्न लक्षित वर्ग, क्षेत्र, र समुदायविच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहि लक्षित वर्गका लागी कार्यक्रम तय गर्नमा अवरोध सृजना हुनु ।

१०. विभिन्न लिङ्ग, वर्ग क्षेत्र समुदाय र जातजाती विच हुने ब्यबहारगत विभेद हट्न नसक्नु ।

११. नगरपालिका अन्तर्गत समिति तथा संरचनाहरुलाई लैससासमैत्री कायम गर्न नसक्नु ।

## २.३ चुनौती:

१. समाजमा विद्यमान रहेका हानिकारक सामाजिक मुल्यमान्यताहरु कायम रहनु ।

२. लक्षित वर्गको प्राथमिकता योजना तर्जुमामा सिमित रहनु ।

३. लक्षित वर्गको आयस्तरमा ज्यादै ठुलो असमानता ।

४. लाभ वाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुचमा सुनिश्चिता नहुनु ।

५. लक्षित वर्गको अधिकार बारेमा सम्वन्धीत पक्ष अनविज्ञ रहनु ।

६. लक्षित वर्गको कार्यक्रमबाट लक्षित वर्गले नै फाईदा लिन नसक्नु ।

## २.४ अवसर:

नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन, मन्त्रालय स्तरिय नीति, रणनीति तथा कार्यनीतिमा लैससासका प्रावधान रहनु । अन्तराष्ट्रिय कानूनप्रति नेपालको प्रतिवद्धता र त्यस अनुरुप अन्तराष्ट्रियस्तरका गैरसरकारी संस्था निकायहरुले यस विषयमा काम गर्नं लैससासका लागि उचित अवसर रहेको छ ।

# खण्ड - ३: गल्कोट नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीतिहरू

## ३.१.भुमिका

नगरपालिकाको कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लैङ्गिक सम्वेदनशीलता मापन गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी,अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिक रूपले तटस्थ गरी नगरपालिकाको विकास प्रकृया, योजना तर्जुमा र कार्यान्वयन, बजेट, निर्णय प्रकृया लगायत अन्य संरचना सहित स्थानीय नीति कानुन तथा योजना तर्जुमा, संस्थागत विकास, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, र सुशासन तथा उत्तरदायित्वको अवस्थालैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणले संबेदनसशिल छ वा छैन भनी बिश्लेषण गरी नीति तथा रणनीतिहरू तर्जुमा गर्ने प्रणाली आर्थिक वर्ष २०६४/०६५ देखि कार्यान्वयनमा रहेको छ । यस सम्बन्धमा गल्कोट नगरपालिकाले समेत आफ्ना विकास कार्यक्रमहरू, योजना तर्जुमा र कार्यान्वयन, बजेट निर्माण, निर्णय प्रकृया लगायत अन्य संरचनाहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउने उद्वेश्यले यो रणनीति तर्जुमा गरिएको छ ।

## ३.२ नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तर्जुमाको आवश्यकता

नेपालको संबिधान २०७२ले राज्यका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्धालाई स्थानीयस्तरसम्म लैजाने उद्देश्यले संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यस सम्बन्धी नमुना कानुन बनाएर समेत स्थानीय तहहरूलाई सहजिकरण गरेकोछ । जसको आधारमा धेरैजसो स्थानीय तहहरूले रणनीति तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याईसकेका छन । यसैलाई मध्यनजर गरी यस नगरपालिकाले मिति २०७९बैशाख४ गते नगरपालिकामा गरिएको छलफलमा लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले लैससास रणनीति आवश्यक रहेको पुष्टि गरेकोछ ।

१ नगरपालिकामा लैससास सम्बन्धी शासन ब्यबस्थाको प्रवर्द्धन गर्न ।
२ नगरपालिकामा योजना तर्जुमा प्रक्रियालाई लैससासमैत्री बनाउन ।
३ नगरपालिकाको नीति तथा कार्यक्रम र वजेटलाई लैङ्गिक उत्तरदायी बनाउन ।
४ नगरपालिकाको नीति कानुन र संरचनामा लैससासलाई मुलप्रवाहीकरण गर्न ।
५ नगरपालिका अन्तर्गत सञ्चालन हुने नीति, योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न ।
६ सरोकारवालाहरू विच बुझाईमा एकरूपता कायम गर्न र लैससास सम्बन्धी कानुनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुचाउन ।
७ राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता,संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरूपको दायित्व पुरा गर्न ।

८ लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित वितरणको ब्यबस्था गर्न ।

९ गुनासो सुनुवाईको उचित ब्यबस्था गर्न ।

१० नेपाल सरकारले आत्मासात गरेको दिगो विकासको लक्ष स्थानीय स्तरमा कार्यान्वयन गर्न र सो प्रतिफल प्राप्त गर्न ।

**३.४. दीर्घकालीन सोंचः**

विभेदरहित, समतामूलक र समृद्ध नगरपालिकाको निर्माण ।

**३.५ लक्ष्य :**

लैङ्गिक तथा सामाजिक उत्तरदायी सस्थागत संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक नगरपालिकाको निर्माण गर्ने ।

**३.६. उद्देश्य**

१. नगरपालिकाको नीति, व्यवस्था, कार्यक्रम तथा वजेट लैससास उत्तरदायी बनाउने ।

२. पछाडी पारिएका वर्ग र समुदायको निर्णय प्रकिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने ।

३. पछाडी पारिएका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

४. सरोकारवालाहरुविच बुझाईमा एकरुपता कायम गर्न र लैससास सम्बन्धी कानुनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुचाउने ।

५. नेपाल सरकारले अवलम्वन गरेको दिगो विकासको लक्ष प्राप्त गर्ने ।

६. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्ने ।

**३.७. लैससास सम्बन्धीनीतिः**

३.७.१ लैससासको अवधारणा हासिल गर्न नगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,

३.७.२नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,

३.७.३ नगरपालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी बनाउने,

३.७.४ सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने

३.७.५ लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

**३.८ नीति अनुसारका रणनीति तथा कार्यनीति**

**नीति १:** लैससासको अवधारणा हासिल गर्न नगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा तर्फ,

**रणनीति १:** लैससासलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने।

कार्यनीति

१ नगरपालिकाको विद्यमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैससासकोदृष्टिकोणबाट पुनरावलोकन गरिनेछ ।

२. नगरपालिकाको आवश्यक नयाँ ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको तर्जुमा गरिनेछ ।

**रणनीति** २:नगरपालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा गर्ने,

कार्यनीति

१. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका परेको वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ ।

२.. लैससासको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारीत भई वार्षीक योजना आवधिक योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिने छ ।

३.पालिकाले वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका लागी न्युनतम प्रतिशत तोकीने कुरा नीतिमा उल्लेख गरिने छ,

४. प्राकृतिक विपत, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापनाका लागी पालिकामा स्पष्ट नीति तयार गरिने छ,

**रणनीति ३:** लैससास मूलप्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने

कार्यनीति

१.नगरपालिकाले लैससास समन्वय समिती, वडा तथा तहसम्म उपसमितीहरुको संरचनाहरु विकास र विस्तार गरिने छ,

२. उक्त लैससास समन्वय समिती र उपसमितीहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्टसंग निर्कौल गरी परिचालन गरिने छ,

३. उक्त लैससास समन्वय समिती र उपसमितीहरुलाई कार्यभार प्रभावकारीता पूर्वक बहन गर्न क्षमता विकासको व्यवस्था गरिने छ ।

**नीति २**: नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चितता

**रणनीति १**:नगरपालिकाको योजना तर्जुमाको लागी सहभागितात्मक नीति र कार्यविधि तर्जुमा गर्ने

**कार्यनीति**

- स्थानीयस्तरको योजना तर्जुमा गर्दा टोलस्तरवाटनै लक्षित समुदायलाई अर्थपुर्ण सहभागीता गराईने छ,
- नगरपालिकाले प्रदान गर्ने वजेट सिलिङमा नै लक्षित समुदायका लागी वजेट विनियोजनको ब्यबस्था गरिने छ ,
- नगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदाय सम्म पुचाउन सञ्चार माध्यमवाट सम्प्रेषण गरिने छ,

**रणनीति २**:नगरपालिकाको योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने

**कार्यनीति**

- पालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ,
- पालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चित गरिने छ,
- पालिका मार्फत गठन हुने संरचनाहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदायको अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व गराई कुराको सुनिश्चित गरिने छ ।

**नीति-३ नगरपालिकाको कार्यकम तथा वजेट लैङ्गिकउत्तरदायी बनाउने तर्फ**

**रणनीति १**: नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने ।

**कार्यनीति**

- पालिकाको खण्डिकृततथ्याङ्कको व्यवस्था, समय अनुसार अद्यावधिक र योजना तर्जुमा साथै समिक्षा गर्न प्रयोग गरिने छ।
- लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्क अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गरिने छ ।
- पालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईने छ ।

**रणनीति** २: लैङ्गिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेही रहेको कुराको सुनिश्चितता गर्न सामाजिक लेखा परिक्षण (Social Audit) तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने,

कार्यनीति

- पालिकाको वजेट तथा कार्यक्रमलाई वार्षिकरुपमा लैससासको द्बष्किोणवाट परिक्षण गरिने छ,
- पालिकामा लैससास सम्पर्क ब्यक्ति तोकेर स्पष्ट कार्यजिम्मेवारी उपलब्ध गराईने,
- पालिकाको जानकारी सम्प्रेषण गर्दा लक्षित समुदायहरुको मातृ भाषा समेतमा सम्प्रेषण गरिने छ,
- पालिका र वडा तहमा नियमितरुपमा सार्वजनिक सुनुवाई गरिने छ,
- सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदायको उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन सुचित गरिने छ,
- पालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नकालागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गरिने छ,

**रणनीति ३: नगर**पालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाउने ।

कार्यनीति

- पालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई परिमार्जित गरी खण्डिकृत सुचना व्यवस्था र प्रतिवेदन दिने व्यवस्था गरिनेछ,
- पालिकाले समिक्षा गर्दा खण्डिकृत सुचना र प्रतिवेदनलाई आधार मानिने छ ।

**नीति-४ सेवा प्रदायक, सरोकारवाला, अधिकारवादि संघ संस्थाहरुको लैससास सम्बन्धमा क्षमता**

**अभिवृद्धी**

**रणनिति १**: नगरपालिकामा लैससास सम्बन्धी क्षमता अभिवृद्धी कार्यविधि तर्जुमा गर्ने ।

**रणनिति२**: नगरपालिकाको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवादि संघ संस्थाहरुको लैससास सम्बन्धमा क्षमताको पहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवद्धी कार्ययोजना तर्जुमा गर्ने

**रणनिति ३**: नगरपालिकाको समिति तथा वडागत संरचनाहरुमा कार्य जिम्मेवारीमा नै क्षमता विकास को ब्यबस्थाको उल्लेख गर्ने

**कार्यनिति**

- पालिकास्तरमा लैससास सम्बन्धि प्रमूख सहजकर्ताहरु तयार पार्ने र सोको परिचालन गरिनेछ,
- पालिका अर्न्तगत योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र सघ संस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरुको अवलम्बन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैससास उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अधिवृद्धि गर्दै लगिनेछ,
- पालिकावाट सञ्चालन हुने सवै तालिम, अन्तरक्रिया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससाको विषय समेटने साथै पालिकाकोसामाजिक विकास तथा मानव संशासधन विकास शाखा मार्फत कुनै पनि कार्यकममा लैससास प्रवर्द्धनकालागी समेटनुपर्ने विषय तर्जुमा गरि कार्यान्वयन गरिने छ,
- लैङ्गिक हिंसा, घरेलुहिंसा अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परागत हानिकारक मुल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघ सस्था लाई अभिमुखीकरण गरिने छ,
- विभिन्न सञ्चारका माध्यमवाट सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गरिने छ ,
- लैङ्गिक हिंसा विरुद्धमा विद्यमान कानुनमा भएका ब्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गराईने छ ,
- स्थानीय स्तरमा लैससासको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, सस्था तथा ब्यक्तिलाई असल कामको प्रवर्द्धन गर्न वार्षिकरुपमा प्रोत्साहन गरिने छ ,
- अन्तर पालिका तहमा लैससास सम्बन्धी भएका असल अभ्यासहरु आदान प्रदान गरिनेछ,
- पालिकामा रहेका माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षकहरुलाई लैससासको अवधारणाका वारेमा अभिमुखीकरण गरिने छ, ।
- वार्षिकरुपमा पालिका मार्फत लैससास प्रवर्द्धन गर्ने खालका सुचना शिक्षा र संचार सामाग्रीहरु प्रसारण तथा प्रकाशन गरिने छ

- गल्कोट नगरपालिकामा गठन हुने वालक्लब, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास समन्धी अभिमुखीकरण गरिने छ ,
- लैससासका सवाललाई न्यायीक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गरिने छ,
- विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता अर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरु संचालन गरिनेछ ।
- लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपुर्ण सहभागिता गराइनेछ ।

**नीति-५: लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चतता**

**रणनिति १:**लैससास केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने ।

**कार्यनिति**

- पालिकावाट सञ्चालित योजना तथा कार्यक्रमहरुमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरुको सहभागिता र लाभमा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधिक गरिने छ,।
- पालिकावाट लैससासको दृष्टिकोणवाट आयोजनाको अनुगमन तथा मुल्यांकन गरिने छ, ।
- पालिकावाट सञ्चालन हुने समिक्षाहरुमा लैससासको दृष्टिकोणवाट प्रवाहित सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीताको पुनरावलोकन तथा समीक्षा गरिनेछ ।
- पालिकाबाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणकालागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिनरुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गरिने छ,

**रणनिति २:**लैससासको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघसस्थाहरुसंग समन्वय र सहकार्य गर्ने

**कार्यनिति**

- सरोकारवाला र, अधिकारवादी संघसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गरिनेछ ।
- संस्थाहरुलाई लक्षितवर्गसम्म कार्यक्रम पुऱ्याउन समन्वय र सहकार्य गरिनेछ ।
- संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याइनेछ ।

## ३.९. रणनीतिको कार्यान्यवनमा देखिदै आएको संभावित समस्या तथा ति समस्या न्युनिकरणकाउपाय

### क. समस्या

- लैससासको विषयबारेमा समान बुझाईको अभाव हुनु तथा पालिकाको प्राथमिकतामा अझै पनि पार्न गाह्ते हुने ।
- नीति तथा रणनीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु
- खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु ।
- आर्थिक स्रोतको अभाव हुनु ।

### ख. समस्या न्युनिकरणका उपायहरु

- सहभागितामुलक छलफलबाट समान बुझाई बनाउने प्रयत्न गर्नेसाथै लैससासलाई प्राथमितामा राख्ने नीतिगत व्यवस्था गर्ने ।
- सरोकारवाला बिचमा नियमित साझा बैठक राख्ने तथा पालिकास्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई लाभान्वित गराउने उपायहरु बारेमा नियमित छलफल गर्ने।
- योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने ।
- पालिकाको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्यूनतम प्रतिशत बजेट निर्धारित गरि (एकिन गरि) योजना तथा कार्यक्रम तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षको बजेटमाा बृद्धि गर्दै लैजाने (प्रगतीशिल बजेट) ।

## ३.१०. लैससास रणनीतिको अपेक्षित उपलब्धी

- पालिकाको रणनीति, कानूनी व्यवस्था तथा मापदण्डहरु लैससासका लागि उत्तरदायी हुनेछ ।
- पालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराई पछाडी परेका पारिएको वर्गको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण भई समतामूलक समाजको श्रृजना हुने छ ।
- पालिकाको कार्यकम तथा वजेट लैससासका लागि उत्तरदायी हुनेछ ।
- सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी सघंसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्यशैली हुनेछ ।
- नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न र राष्ट्रिय तथा लैससास सम्वन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धता,संघिय र प्रदेश सरकारलो गरेका प्रतिवद्धता अनुरुपको दायित्वपुरा हुने छ ।

### ३.११. लैससास कार्यान्वयनको लागि कार्ययोजना[1]

| क्र.स | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट | समयावधि |
|---|---|---|---|---|---|
| १ | पालिकाका विद्यमान ऐन कानुन नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन गर्ने | पलिका | विषय विज्ञ र पालिका | | |
| २ | तथ्यांक संकलनको क्रममा जनप्रतिनिधिहरुले आआफ्नो क्षेत्र विभाजन गरेर खण्डिकृत तथ्यांक संकलन गर्ने | वडा प्रतिनिधि र कर्मचारी | सरोकारवाला संघसंस्थाहरु | | |
| ३ | लक्षित वर्ग पहिचान र तिनका लागी निश्चित रकम र कार्यक्रम छुट्याउने | कार्यपालिका बैठक, शाखा प्रमुख | कर्मचारी | | |
| ४ | पालिकाका लक्षित वर्गबाट लोक सेवा दिने छात्राका लागी निश्चत वजेट कार्यक्रम छुट्याउने | कार्यपालिका बैठक | | | |
| ५ | लैससास रणनीतिलाई कार्यपालिकाको वैठकवाट पारित गर्ने | कार्यपालिका बैठक | | | |

### ३.१२ लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति कार्यान्वयन समिति

यस रणनीतिमा भएका प्रावधानलाई नगरपालिकामा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेका नीति तथा रणनीति अनूरूप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न नगरपालिका स्तरमा देहाय बमोजिमको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन समिति रहने छ ।

- नगर प्रमुख, संयोजक
- नगर उप-प्रमुख, सदस्य
- प्रमुख प्रशासकीय अधिकृत, सदस्य
- संयोजक, सामाजिक विकास समिति, सदस्य
- सामुदायीक संघ सस्था मध्येवाट संयोजकले तोकेका कम्तीमा दुई महिला सहित पाँच जना, सदस्य
- प्रमुख, सामाजिक विकास शाखा, सदस्य सचिव

यसका साथै वडा कार्यालयले वडाका सबै जनसमुदायको खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू राख्ने व्यवस्था गर्नेछ । वडा कार्यालयले नगरपालिकाको लैससास कार्यान्वयन समितिसँग सहकार्य गरी समुदायका महिला तथा पुरूषहरू एवम् विकास कार्यक्रमहरूको प्रगतिको खण्डीकृत तथ्याङ्क एवम्

[1] यस छलफल र प्रस्तुतीका सहभागीहरुले स्थानिय तहको निर्वाचन निश्चित भई सकेको र नयां पदाधिकारीहरु आई नसकेको अवस्थामा नयां नवनिर्वाचित प्रतिनिधिहरु आएपछि पदाधिकरी र कर्मचारीहरुले संयुक्त रुपमा लैससास योजनाका लागी वजेट र समयमावधी उल्लेखन गर्ने भनी भनेको हुदा यसमा उल्लेखन गरिएको छैन ।

सूचना सङ्कलन गर्न नयाँ फारमहरू तयार गर्नेछ । यसले जातजाति, जनजाति, लिङ्ग र धर्मका आधारमा हुने विभेदहरू तथा वञ्चित समूहका कार्यक्रमहरूको फाइदाको पहुँचमा हुने अवरोधहरूको निरन्तर अनुगमन गर्नेछ । यसकालागि वडा तहमा देहायको लैससास समितिको ब्यबस्था गरिएकोछ ।

क) वडा अध्यक्ष, संयोजक
ख) वडा सदस्य महिला, दलित र पिछडिएको वर्गबाट ३ जना, सदस्य
ग) वडा सचिब, सदस्य सचिव

### ३.१२.१ समितिको काम कर्तब्य र अधिकार

क) लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीतिलाई नगरपालिकाको विकास कार्यक्रममा मुलप्रवाहीकरण गर्ने,

ख) सामाजिक समाबेशीकरणको कार्यलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निभाउने,

ग) लैङ्गिक तथा सामाजिक समोशीकरण रणनीति अनुरूप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,

घ) रणनीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालयसंग कार्यगत समन्वय कायम गर्ने,

ङ) रणनीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने,

च) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने,

छ) आवधिक, वार्षिक, मध्यमकालिन योजना तर्जुमा कार्यान्वयन वजेट वाँडफाट खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमितरूपमासुझाव दिने,

ज) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) लैससास मूलप्रवाहीकरण र यस रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला र अधिकारमुखी संसंस्थाहरूसंग समन्वय र सहकार्य गर्ने र गराउने,

ञ) सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरूको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

माथि उल्लेखित कार्यहरू गर्न कार्ययोजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने । नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीक रूपमा बस्ने छ । वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ । आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्नेछ ।

## ३.१३ अनुगमन तथा प्रतिवेदन

नगरपालिका भित्र तथा वडा समिति भित्र लैससासको योजना प्रकृया र कार्यान्वयनको अनुमगन तथा प्रतिवेदनका फारममा निम्नानुसारका विषयहरू समेटिनेछन् साथै गरिबी, लिङ्ग, जातजाति, जनजाति तथा स्थानका आधारमा खण्डीकृत तथ्याङ्क एवम् सूचनाहरूलैससास सम्बन्धित अनुगमन तथा प्रतिवेदन कार्य निम्न तीन विषय क्षेत्रमा केन्द्रित हुनेछन् :

१ सम्पति तथा सेवा, सुविधाहरूमा परिवर्तन,

२ प्रभाव पार्ने आवाज एवम् क्षमतामा परिवर्तन र औपचारिक एवम् अनौपचारिक नीतिहरू र व्यवहारमा परिवर्तन ।

३ यी कार्यहरूबाट महिला, बालबालिका तथा वञ्चित समूहहरूको सेवा, सुविधामा पहुँच, महिला विरूद्ध हुने ज्यादतीका साथै विभेदकारी सामाजिक प्रचलनमा कमी, जातजातिमा आधारित विभेदमा कमी, वञ्चित समूहहरूको निर्णय गर्ने क्षमतामा अभिवृद्धि, पिछडिएका वर्गका लागि दिइने सहयोग प्रति सम्पन्न वर्गको स्वीकारोक्ति जस्ता प्रयासहरू अगाडि बढ्नेछन् ।